दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ९० | बुटवल | २०८१ चैत १४, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Mar. 27, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

# हकुइमा एक अर्ब लगानीमा नेपालकै पहिलो आल्मुनियम रड उद्योग

**उद्योगले वार्षिक २० हजार मेट्रिकटन आल्मुनियम रड उत्पादन गरी आयात पूर्ण विस्थापित गरी करिब २० अर्ब रुपैयाँ विदेशिन रोक्दै विदेश निर्यात समेत गर्ने उद्योगका प्रबन्ध निर्देशक रोहित गुप्ताले बताए।**

**टिआर शर्मा**
*बुटवल*



विद्युतीय तार उत्पादनमा अग्रणी लिट्मस केबल उद्योगले पश्चिम नवलपरासीको रामग्राममा नेपालकै पहिलो आल्मुनियम रड प्लान्ट सञ्चालनमा ल्याएको छ। रामग्राम-१६ हकुईस्थित १५ बिगाह क्षेत्रफलमा उद्योगको नयाँ प्लान्ट सञ्चालनमा आएको हो।

एक अर्ब लागतको प्लान्टले वार्षिक २० हजार मेट्रिक टन आल्मुनियम रड (तार) उत्पादन गर्ने छ। अहिले नेपालमा वार्षिक ८ हजार मेट्रिक टन आल्मुनियम रड भारत र थाइल्याण्डबाट आयात भइरहेको छ।

लिट्मसले यसअघि अन्तर्राष्ट्रिय गुणस्तरको विद्युत् तार, केबल र कन्डक्टर निर्माण गर्दै आएको थियो।

प्लान्टको उद्घाटन गर्दै उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव कृष्णबहादुर राउतले नेपालमै पहिलोपटक सञ्चालनमा आएको आल्मुनियम रडको उत्पादनले आयात प्रतिस्थापनका साथै विदेश निर्यात गरेर नेपालले व्यहोरिरहेको व्यापार घाटा केही मात्रा भए पनि न्यूनीकरण गर्ने बताए।

अर्थतन्त्रको मेरुदण्ड निजी क्षेत्र भएको उल्लेख गर्दै सचिव राउतले सरकारले व्यवसायिक वातावरण बनाउन एकदर्जन कानुन संशोधनदेखि स्वदेशी वस्तुको प्रवर्द्धन गर्न निर्देशिका ल्याएको बताए।

उद्योगका प्रबन्ध निर्देशक रोहित गुप्ताले यो उद्योगले वार्षिक करिब २० अर्ब रुपैयाँको आल्मुनियम रड उत्पादन गरी देशलाई आत्मनिर्भर बनाइ आयात पूर्ण विस्थापित गर्नुका साथै विदेश निर्यात समेत गर्ने बताए। यो उद्योग नेपालको उत्पादन क्षेत्रकै लागि एउटा ठूलो कोसेढुङ्गा र रणनैतिक फड्को हुने गुप्ताले बताए। निर्यातजन्य उद्योगलाई सरकारले कच्चा पदार्थ आयातमा भन्सार दरमा सहुलियत दिनुपर्ने माग गरे।

उद्घाटन समारोहमा नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले लिटमसले केबल तारमा नेपाललाई आत्मनिर्भर बनाउन अग्रणी भूमिका खेलेको उल्लेख गर्दै अब आल्मुनियम रडमा पनि आत्मनिर्भर बनाउने विश्वास व्यक्त गरे। उनले विदेशी उत्पादन मात्र गुणस्तरीइ हुन्छन्, नेपालका हुँदैनन् भन्ने सोंच र मानसिकता त्याग्नुपर्ने आग्रह समेत गरे।

रामग्राम नगरपालिकाकी कार्यबाहक प्रमुख सम्झना चौधरीले उद्योगले संस्थागत सामाजिक उत्तरदायित्वमा गर्ने मुनाफाको एक प्रतिशत खर्च स्थानीय सरकार र सुमदायसँग समन्वय गरेर मात्र गर्न र रोजगारीमा स्थानीयलाई प्राथमिकता दिन सुझाव दिइन्। सो अवसरमा पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, रुपन्देही उद्योग संघका अध्यक्ष दिलिप सापकोटा,उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष ओमप्रकाश अग्रहरी, विद्युत् प्राधिकरण परासीका सुरज रेग्मीलगायतले भैरहवा-परासी खण्ड औद्योगिक हबका रुपमा विकास हुँदै गएको धारणा राख्दै स्वदेशी उद्योगको संरक्षण र प्रवर्द्धनमा राज्यको ध्यान जानुपर्ने बताए।

रामग्राममा सञ्चालनमा आएको प्लान्टमा सय जनाले रोजगारी पाउने उद्योगका प्रमुख सञ्चालन अधिकृत प्रकाश काफ्लेले बताए।

२०३४ सालमा बुटवल औद्योगिक क्षेत्रमा रमेश गुप्तासहित तीनजनाले स्थापना गरेको लुम्बिनी विद्युत् उद्योग सन् २०१९ मा आधुनिक प्रविधि र मेशिनसहित लिट्मस केबल इण्डष्ट्रिजका रुपमा रि ब्राण्डिङ भई नेपालकै अग्रणी विद्युतीय तार उत्पादक कम्पनीमा रुपान्तरण भएको प्रबन्ध निर्देशक गुप्ताले बताए।

सुरुमा एसीएसआर कन्डक्टर उत्पादन गर्ने उद्योगले क्रमशः घरायसी वायरिङका केबल, कन्डक्टर, ट्रान्सफर्मरमा प्रयोग हुने इनामेल बाइन्डिङ वायरदेखि अहिले नेपालमै पहिलो र एक मात्र ४०० केभिए क्षमताको कन्डक्टर उत्पादन गर्दै आएको छ।

नेपालमा जलविद्युत् परियोजना र विद्युतीकरण विस्तार हुँदै गर्दा उद्योगले ५ वर्षअघि एक अर्ब लगानी थपेर जर्मन प्रविधिको नयाँ मेसिनहरु भित्राएको थियो। अहिले ४०० केभीए कन्डक्टर तार उत्पादनका साथै प्रसारण लाइनमा आवश्यक सबै क्षमताको केबल उत्पादन गर्ने नेपालको एक्लो उद्योग बनेको छ, लिट्मस केबल।

३० करोड रुपैयाँबाट सञ्चालित लुम्बिनी विद्युत् उद्योगमा एक अर्ब लगानी थपेर 'रिब्रान्डिङ' गरी लिट्मस केबल इण्डष्ट्रिजलाई अगाडि बढाएको गुप्ता बताउँछन्। उनका अनुसार बुटवल औद्योगिक क्षेत्रभित्रको २ बिगाह क्षेत्रफल लिट्मसलाई अपर्याप्त भएपछि रामग्राममा नयाँ प्लान्ट सुरु भएको हो।

आल्मुनियम रड निर्यातका लागि अफ्रिकी मुलुकहरुमा बजारको सम्भाव्यता अध्ययन गरिसकेको छ। 'पहिले ४०० केभीए कन्डक्टर तार आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्ने हो,' प्रबन्ध निर्देशक गुप्ता भन्छन्- 'त्यसपछि नेपालमा आवश्यक सबै प्रकारका हाइटेन्सन कन्डक्टर उत्पादन गरेर आयात प्रतिस्थापन गर्छौं।'

» *बाँकी ३ पेजमा*

# कुलमान र हितेन्द्र दुबै सर्वोच्चमा



बुटवल। आफूलाई नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकबाट हटाउने सरकारको निर्णयविरुद्ध कुलमान घिसिङले सर्वोच्च अदालतमा रिट पेस गरेका छन्।

बुधबार ५ बजेतिर वारेसमार्फत् घिसिङको रिट आएको सर्वोच्च अदालतका प्रवक्ता अच्युत कुइँकेलले जानकारी दिए। उनले अधिवक्ता लोकमणि पोखरेलमार्फत् सर्वोच्चमा रिट दिएका हुन्।

घिसिङले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, ऊर्जा मन्त्रालयलगायतलाई विपक्षी बनाएर रिट पेस गरेका छन्। उनले आफूलाई बर्खास्त गर्ने सरकारको निर्णय बदर गरी तत्काल कामकारबाही गर्न दिनू भनी अन्तरिम आदेशसमेत माग गरेका छन्।

सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले घिसिङलाई पदमुक्त गर्ने निर्णय गरेको थियो। सरकारले घिसिङलाई हटाएर हितेन्द्रदेव शाक्यलाई प्राधिकरणको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो। शाक्यले जिम्मेवारी सम्हालिसकेका छन्।

यता नवनियुक्त कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यले पनि सर्वोच्च अदालतमा रिट दर्ता गरेका छन्। उनलाई यसअघिको कार्यकालमा सरकारले पदबाट हटाएर कुलमान घिसिङलाई नियुक्त गरेपछि त्यसको विरुद्धमा उनले सर्वोच्चमा रिट निवेदन दर्ता गरेका थिए।

तर, उनको अघिल्लो कार्यकालको अवधि नसकियून्जेल चार वर्षसम्म उनको रिटमा सर्वोच्च अदालतले फैसला गरेको थिएन।

त्यसो हुँदा १ भदौ २०७८ मा आफूले सर्वोच्च अदालतमा हालेको रिट निवेदनको विषय छिट्टै टुंग्याइदिन भन्दै आफूले सर्वोच्च अदालतमा रिट हालेको शाक्यले जानकारी दिए।

# गभर्नर बन्न लागेका हुन् श्रेष्ठ ?



बुटवल। नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठले पदबाट राजीनामा दिएका छन्। उनी राष्ट्रिय योजना आयोगका सदस्य पनि छन्।

आयोग सदस्य नियुक्त भएसँगै उनी काजमा योजना आयोगमा काम गरिरहेका छन्। राष्ट्र बैंक गभर्नर आकाँक्षी श्रेष्ठले राष्ट्र बैंकबाट राजीनामा दिनुलाई नयाँ गभर्नरमा उनको संभावना बढेको रुपमा हेरिएको छ। अहिले उपप्रधानमन्त्री तथा अर्थमन्त्री संयोजकत्वको गभर्नर सिफारिस समितिले काम गरिरहेको छ।

उनले अर्थमन्त्री विष्णुप्रसाद पौडेलको अघिल्लो कार्यकालमा अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार भएर काम गरेका थिए।

साथै, एमाले महासचिव शंकर पोखरेल लुम्बिनी प्रदेशको मुख्यमन्त्री हुँदा श्रेष्ठले प्रदेश योजना आयोगको उपाध्यक्षका रूपमा पनि काम गरेका थिए।

मौद्रिक अर्थशास्त्रमा विद्यावारिधि गरेका अर्घाखाँची स्थायी घर भएका श्रेष्ठ राष्ट्र बैंकभित्र क्षमतावान अधिकृतमध्ये पर्छन्।

# दुर्घटनामा वडा सदस्य पाठकको मृत्यु



बुटवल। बुटवलमा भएको सडक दुर्घटनामा परी तिलोत्तमा नगरपालिकाका वडा सदस्य रामकृष्ण पाठकको मृत्यु भएको छ। तिलोत्तमा २ जानकीनगरका बासिन्दा पाठक जानकीनगरबाट बुटवल जानेक्रममा बुटवल उप-महानगरपालिका वडा नं. १० चौराहामा दुर्घटनामा परेका थिए।

इलाका प्रहरी कार्यालय बुटवलका अनुसार बुधबार दिउँसो साढे ३ बजेतिर आफैंले चलाएको लु ३६ प ८४४८ नम्बरको मोटरसाइकलमा बुटवल जाँदै गरेका पाठकले बा ०१०३१ च ५००२ नम्बरको कारलाई उछिन्ने क्रममा उक्त दुर्घटना भएको हो।

दुर्घटनामा गम्भीर घाइते भएका पाठकलाई उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल लगिएकोमा चिकित्सकले मृत घोषणा गरेको इलाका प्रहरी कार्यालय बुटवलका प्रमुख डीएसपी इन्द्रबहादुर रानाले जानकारी दिए। पाठक नेकपा एमालेबाट निर्वाचित भएका थिए।

# 'लुम्बिनी क्षेत्र लगानीका लागि महत्वपूर्ण गन्तव्य'



बुटवल। उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लुम्बिनी क्षेत्र लगानीका लागि महत्त्वपूर्ण गन्तव्य भएको बताएका छन्। उनले सरकारले लगानी अनुकूल वातावरण बनाउँदै जाने उल्लेख गर्दै लुम्बिनीमा लगानी गर्न निजी क्षेत्रका उद्योगी-व्यवसायीहरुलाई आग्रह गरे।

बुधबार भैरहवामा आयोजित एक विमर्श कार्यक्रममा अर्थमन्त्री पौडेलले लुम्बिनी धेरै फराकिलो रहेको र निजी क्षेत्रका लागि महत्त्वपूर्ण ठाउँ रहेकाले सम्भावनालाई व्यवसायसँग जोड्न आग्रह गरे।

उपप्रधानमन्त्री पौडेलले लुम्बिनीले नेपालको सिङ्गो अर्थतन्त्रलाई उचाइमा पुऱ्याउन सामर्थ्य राख्न सक्ने भएकाले सहरी पूर्वाधार, शिक्षा, स्वास्थ्य, औद्योगिक क्षेत्रको हिसाबले लुम्बिनीलाई अग्रणी स्थानमा पुऱ्याउने गरी भएका प्रयासमा सबैको साथ आवश्यक रहेको बताए। "बुद्ध जन्मस्थल लुम्बिनीसँगै यहाँ बुद्धको जीवनसँग जोडिएको महत्त्वपूर्ण सम्पदासँगै यहाँ राम्रा र स्तरीय होटलहरु छन्", उनले भने-"बर्दिया राष्ट्रिय निकुञ्ज पनि लुम्बिनी प्रदेशमै छ। लुम्बिनीमा धेरै सम्भावना र स्रोत छन्।"

उपप्रधान तथा अर्थमन्त्री पौडेलले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल छिट्टै पूर्ण क्षमतामा सञ्चालन हुने बताएका छन्।

उनले निर्माणाधीन नारायणगढ-बुटवल सडकखण्ड बर्खाअघि नै एकतर्फी सवारी सञ्चालन गर्न मिल्ने गरी सम्पन्न हुने जानकारी दिएका छन्।



## सम्पादकीय

# पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकास

तराईको उखरमाउलो गर्मी छल्न अर्घाखाँचीको नरपानीमा पुग्नेको घुँइचो छ। सुपादेउराली मन्दिरमा पूजाआजा गरी नरपानीको चिसोमा रमाउनेको घुँइचोले यहाँको पर्यटन प्रवर्द्धनमा बल पुगेको छ । तराईमा गर्मी हुँदा यहाँ चिसो हुने र जाडोयाममा शितलहर चल्दा पारिलो घाम लाग्ने मात्रै नभइ यहाँबाट सुन्दर हिमश्रृखंला देख्न पाउँदा यहाँ आउनेहरु रमाइलो महशुस गर्दछन् । पछिल्ला केही वर्षयता भारतीय पर्यटकको आगमनले नरपानी आकर्षक पर्यटकीय गन्तव्य भएको छ ।

यो एउटा उदाहरण हो । नरपानीमा झैं यहाँका धेरै पहाडी डाँडामा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ । पाल्पाको श्रीनगर, नुवाकोट, बसन्तपुर, दाङको घोरबन्दालगायत डाँडालाई 'हिलस्टेशन'को रुपमा विश्रामस्थल बनाउन सकिन्छ । त्यसका लागि राजनैतिक नेतृत्वको इच्छाशक्ति, योजना र कार्यक्रम आवश्यक पर्छ । प्राकृतिक दृष्टिले वैभवयुक्त यी स्थलमा पूर्वाधार निर्माणलाई प्राथमिकता दिन ढिलाइ भइरहेको छ। पर्यटकका लागि पहिलो प्राथमिकता हो, सडक पूर्वाधार । सडक यातायात सहज र भरपर्दो हुने बित्तिकै सीमावर्ती भारतीय क्षेत्रका बासिन्दा हाम्रा हिल स्टेशनमा विश्राम गर्न आउनेहरु ह्वात्तै बढ्न सक्छन् । हिल स्टेशनमा पर्यटकीय पूर्वाधार बन्न ढिलाइ भइरहेको छ । नुवाकोट र श्रीनगरमा लुम्बिनी प्रदेश सरकारले सांस्कृतिक डबली निर्माण गरेको भए पनि ती डबली सञ्चालन गर्न ध्यान दिइएको छैन । ती डबली निर्माण गर्नुको उद्देश्य हो, हिल स्टेशनमा आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्नु । तर ती डबली सञ्चालन नहुँदा माल पाएर चाल नपाएजस्तो  भएको छ । पाल्पाको बसन्तपुर र नुवाकोटमा निजी क्षेत्रको लगानीमा केबुलकार सञ्चालनमा आएको छ । बसन्तपुरमा कामाख्यादेवीको मन्दिर बनाएर सांस्कृतिक पर्यटक आकर्षित गर्ने योजना बनाइएको छ । नुवाकोटमा पहिलेदेखि रहेको भैरव मन्दिरलाई नयाँ बनाएर सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने योजना अघि सारिएको छ । प्राकृतिक वैभव एकातिर छँदैछ, अर्कोतिर सांस्कृतिक स्थलको विकासले पनि आन्तरिक र बाह्य पर्यटक आकर्षित गर्न सकिन्छ ।

नेपालमा पर्यटनको प्रचुर संभावना छ, तर त्यो संभावनाको पहिचान गरी योजना र कार्यक्रम बनाउने, ती योजना कार्यान्वयनका लागि बजेट विनियोजन गर्ने भिजनरी नेतृत्वको खाँचो छ । पर्यटनबाट मुलुकको समृद्धि संभव छ, तर बजेट कनिका छरेझैं छर्ने तर पूर्वाधार निर्माणमा बजेट खर्च नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै अघि बढ्नुको विकल्प छैन । अहिले बजेट बनाउने बेला छ, लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलका पालामा अघि बढाइएका पर्यटन प्रवर्द्धनका दुरगामी महत्वका योजनामा बजेट विनियोजन गर्दा विकासको नतिजा पाउन सकिन्छ । प्रतिफल र नतिजामुखी आयोजनामा बजेट खर्च गर्न ध्यान दिनुपर्छ ।

# दिशाहीन अवस्थामा परराष्ट्र सम्बन्ध



श्रीमननारायण

*नेपालले भारतबाट अपेक्षा राख्नु स्वाभाविकै हो । एउटा छिमेकीसित राम्रो सम्बन्ध राख्न अर्को छिमेकीसित सम्बन्ध बिगार्नु बुद्धिमानी होइन । जब अमेरिका, रुस, भारत र चीन पनि कतिपय मामिलामा एकै ठाउँमा आउन सक्छन् भने हामी किन होइन ? राजनीतिक विचारधारा राष्ट्रहितभन्दा ठूलो हुन सक्दैन ? घरेलु राजनीतिमा असफल वर्तमान सरकारको परराष्ट्र नीति पनि सही बाटोमा छैन ।*

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकार अस्तित्वमा आएपछि भारतसँगको सम्बन्धमा सुधार ल्याउन प्रयास जारी छ। यसै क्रममा परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको भारत भ्रमण हालै सकिएको छ।

भारतीय विदेश मन्त्रालयद्वारा नयाँ दिल्लीमा आयोजित 'रायसिना संवाद' को साइडलाइन वार्ताका क्रममा दुई देशका परराष्ट्रमन्त्रीबिच भेटवार्ता हुनुका साथै द्विपक्षीय हितका विषयमा छलफल पनि भए । नेपालका परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले आफ्नो भारत भ्रमणलाई सफल बताएकी छिन्। दिशाहीन अवस्थाबाट गुज्रिरहेको नेपालको परराष्ट्र सम्बन्धलाई सही मार्गमा डोऱ्याउने प्रयासको थालनी भएको देखिन्छ।

नेपालका परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा र भारतीय विदेशमन्त्री डा. एस जयशंकरबिच दुई देशको सम्बन्धलाई थप प्रगाढ बनाउने विषयमा सहमति भएको छ । नयाँ दिल्लीमा भएको द्विपक्षीय भेटवार्तामा दुई छिमेकी मुलुकको घनिष्टतायुक्त लामो यात्रालाई नयाँ आयाम दिएर अगाडि बढाउनुपर्नेमा पनि दुई विदेशमन्त्रीबीच सहमति भयो। भेटका क्रममा मन्त्री डा. राणाले नेपाल-भारतसँगको सम्बन्धलाई उच्च महत्व दिँदै आएको र आगामी दिनमा पनि दुवै देशको साझा हितका लागि भारतसँग सहकार्य गर्न नेपाल सधैँ नै इच्छुक रहेको धारणा राखिन्।

भारतका विदेशमन्त्री डा. एस जयशंकरले भारत सरकार नेपालको निकट छिमेकीका रुपमा रहेको र प्रधानमन्त्री नरेन्द्र मोदीको 'छिमेकी पहिलो' को नीतिबाट नेपाललाई पनि लाभान्वित भइरहेको बताए । नेपाल र भारतबीच पछिल्लो समयमा जारी रहेका दुईपक्षीय भेटवार्ता, भ्रमणहरुको आदानप्रदान तथा आपसी सहकार्यका साथै दुई देशकाबिचको व्यापार, पारवहन तथा जलस्रोत विकासका क्षेत्रमा भएका प्रगतिबारे पनि दुवै देशका परराष्ट्रमन्त्रीबिच वार्ता भएको थियो।

रायसिना संवादमा साइडलाइन वार्ताका क्रममा दुई देशका परराष्ट्रबिच भेटवार्ता भए पनि त्यसले अपेक्षाकृत उपलब्धि हुन नसकेको निष्कर्षमा काठमाडौंको बौद्धिक वृत्त पुगेको देखिन्छ । आउँदो जेठमा काठमाडौंमा हुने सगरमाथा संवादका लागि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई निम्तो दिने प्रयास पनि भरसक सफल हुन सकेन। त्यसै गरी भारत भ्रमणको निम्तो आउने पर्खाइमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको निम्ति खासै उत्साहवर्द्धक समाचार देखिँदैन।

नेकपा एमालेले भारतसँगको सम्बन्धलाई सुधार्न चाहेको देखिएन । परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले एकातिर भारतसँगको सम्बन्धलाई सुधार्न चाहने, जबकि नेकपा एमाले भने यस्तो नचाहने अवस्था उत्पन्न भएपछि नेपालको परराष्ट्र सम्बन्ध नै नाजुक अवस्थाबाट गुज्रिरहेको छ । गएको फाल्गुण महिनामा काठमाडौंमा भएको पूर्वराजा समर्थित आन्दोलनमा अप्रत्यासित जनसहभागिता देखिएपछि सत्ताधारी गठबन्धन र प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्र पनि आश्चर्यचकित भएको छ।

आफ्नो घट्दो लोकप्रियता र जनाधारको कारण पत्ता लगाउन देशका राजनीतिक दलहरुले आत्मसमीक्षा गर्नुको सट्टा अरुमाथि दोषारोपण गरेर कार्पेटमुनि धूलो थुपार्ने काम गरिरहेका छन् । हुन त प्रतिनिधिसभाको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले सांसदहरुसितको प्रश्नोत्तर कार्यक्रममा भारतसँग सुमधुर सम्बन्ध बनाउन चाहेको आशयका टिप्पणी गरेका छन् तर यसभन्दा अगाडि बढेर थप नयाँ पहल के हुने हो ? त्यो हेर्न बाँकी छ।

पूर्वराजाको समर्थनमा देखिएको जनसहभागिताबाट अचम्मित नेकपा एमालेले भने यसमा भारतको खास गरीकन उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको नैतिक समर्थन रहेको आरोप लगाएको छ। हजारौंको भीडमा कुनै एकजनाले योगी आदित्यनाथको तस्वीरलाई भीडमा लिएर आउनुको अर्थ भारतको अथवा योगी आदित्यनाथको समर्थन भन्न सकिँदैन। नेकपा एमालेलगायत देशका प्रायः सबैजसो राजनीतिक कार्यालयमा र प्रत्येक दस्तावेजमा मार्क्स, लेनिन र माओको तस्वीर देखिन्छ । पार्टीका नेता र कार्यकर्ताहरु आफ्नो छातीमा टाँसेर हिँड्ने ब्याचमा पनि मार्क्स, लेनिन र माओकै फोटो हुन्छ। यसको अर्थ मार्क्स र लेनिनकै निर्देशनमा पार्टीहरु आफ्नो गतिविधि चलाइरहेका छन् त ?

वर्तमान सरकारमा नेपाली कांग्रेसको पनि सहभागिता छ। नेपाली कांग्रेस एउटा लोकतन्त्रवादी पार्टी हो र दक्षिणी छिमेकी भारतसँग सुमधुर सम्बन्ध पनि राख्न चाहन्छ, तर सरकारको नेतृत्वकर्ता नेकपा एमाले भने उत्तर छिमेकी चीनसँगको सम्बन्धलाई मात्रै सुमधुर बनाउन चाहन्छ । परराष्ट्रमन्त्री आरजु देउवाले भारतका विदेश मामिलामन्त्री डा. एस जयशंकरसँग रायसिना संवादको पृष्ठभूमिमा एक अत्यन्त फलदायी संवाद भएको र द्विपक्षीय सम्बन्धको अवस्थाबारे मूल्याङ्कनका साथै विभिन्न क्षेत्रहरुमा जारी सहकार्यबारे छलफल भएको जानकारी गराइन्।

उनले दुवै देशका जनतासँगको सम्बन्ध र कूटनीतिक आदानप्रदानलाई सुदृढ गर्नका लागि नयाँ मार्गहरुको पहिचान गर्‍यौं भन्दै भारतको छिमेकी पहिलो नीतिको आफूले प्रशंसा पनि गरेको बताइन् । नेपालमा वामपन्थी दलको नेतृत्वमा सरकार अस्तित्वमा आउनेबित्तिकै यो उत्तरी छिमेकी चीनतिर बढी उदार देखिने र भारत एवं अमेरिकालगायतका पश्चिमी राष्ट्रहरुसित अपेक्षाकृत राम्रो सम्बन्ध कायम राख्न नसक्ने धारणा विकसित भइसकेको छ।

भारत तथा पश्चिमा शक्तिका लागि पनि नेपाल एउटा भरपर्दो, स्वाभिमानी र विश्वासयोग्य मुलुक हो भन्ने व्यवहारमा प्रस्तुत हुनु आवश्यक छ। जोश तथा भावावेशमा आएर कुनै एउटा मित्र राष्ट्रको पक्षमा उभिने र अर्कोको विरोध गर्ने काम गर्नुहुँदैन । विदेश नीतिको आधार जनता र राष्ट्र हुनुपर्छ, राष्ट्रको अर्थतन्त्र हुनुपर्छ । व्यक्तिगत अथवा दलीय चिन्तनको आधारमा परराष्ट्र नीतिको सञ्चालन हुन सक्दैन, तर दुर्भाग्य नेपालमा यही नै हुँदै आएको छ।

वर्तमान परिस्थितिमा नेपालप्रति न भारत, न चीन, न त अमेरिकाले नै विश्वास गर्न सकिरहेको अवस्था छ । सरकारको व्यवहारले पनि उपरोक्त आशंकालाई बलियो बनाउने काम गरेको छ । जब-जब नेपालमा समानतामा आधारित विदेश नीति अवलम्बन गर्ने कुरा गरिन्छ, अनि त्यसको सोझो अर्थ हुन्छ, उत्तरी छिमेकी चीनप्रति बढी सदासयता देखाउने काम । केपी शर्मा ओलीले आफ्नो प्रधानमन्त्रित्व कालमा उत्तरी छिमेकी चीनसित दर्जनौं सम्झौता गरेका छन्, तर एउटा पनि धरातलमा उत्रेको छैन । चीनले नेपाललाई चारवटा सुख्खा बन्दरगाह र तीनवटा समुद्री बन्दरगाह उपलब्ध गराउने कुरा कागजमै सीमित छ।

सुरुमा भूकम्प र पछि कोभिड १९ को बहानामा चीनले सात वर्षसम्म नेपालसँगको आफ्नो नाका सुचारु हुन दिएन, तर नेकपा एमालेलगायत देशका कुनै पनि वामपन्थी दलले यसको निम्ति पहल गरेनन् । विरोध पनि गरेनन् । हुन पनि दासको कर्तव्य त मालिकको आदेश पालन गर्नु मात्रै हुन्छ, प्रश्न सोध्नु होइन । केरुङ-काठमाडौं रेलमार्गको सपना देखाइएको पनि एक दशक हुन थालेको छ । काठमाडौं-पोखरा रेलमार्गको कुरा पनि नगरिएको होइन, तर खोई धरातलमा उत्रेको ? एक दशकअघि नै घोषणा गरिएको थियो कि अब काँधमा ग्यास सिलिन्डर बोक्ने होइन सोझै भान्छाकोठामा ग्यास पाइप लाइन जोडिनेछ, त्यो पनि देखियो ? बीआरआइको ऋण बोकेर नयाँ सपना बाँडिदै छ, तर यसबाट पनि गरिबी र महँगी मात्रै बढ्नेछ।

भारत, चीन, रुस र अमेरिका एक ठाउँमा उभिएको अवस्थामा हामी युक्रेनको पक्षमा उभियौं तर युक्रेनको कब्जामा रहेका नेपाली युवाको रिहाइको कुरा गरेनौं ? हमासको आक्रमणमा नेपाली युवा मारिँदा हामी शान्त थियौं तर इजरायलको आक्रमणमा प्यालेस्टाइनी मारिँदा हामी प्लेकार्ड लिएर काठमाडौंमा प्रदर्शन गर्‍यौं । यही हाम्रो तटस्थ नीति हो ? विगत साढे सात दशकमा भारतसँगको हाम्रो दुईपक्षीय सम्बन्ध कहिल्यै धेरै खराब भएन तर धेरै राम्रो पनि रहेन। भारत र अमेरिकाको नाम सुनेपछि त्यसमा पनि अनर्थ मात्रै हेर्ने हाम्रो प्रवृत्तिले विश्वका अन्य देशहरुसँगको सम्बन्धलाई पनि प्रभावित गर्नेछ।

नेपालले भारतबाट अपेक्षा राख्नु स्वाभाविकै हो । एउटा छिमेकीसित राम्रो सम्बन्ध राख्न अर्को छिमेकीसित सम्बन्ध बिगार्नु बुद्धिमानी होइन। जब अमेरिका, रुस, भारत र चीन पनि कतिपय मामिलामा एकै ठाउँमा आउन सक्छन् भने हामी किन होइन ? राजनीतिक विचारधारा राष्ट्रहितभन्दा ठूलो हुन सक्दैन ? घरेलु राजनीतिमा असफल वर्तमान सरकारको परराष्ट्र नीति पनि सही बाटोमा छैन। रायसिना संवादको संकेत नेपालले बुझ्न सके यो हाम्रो हितमा हुनेछ। समाचार पत्रबाट

# नेप्से परिसूचक ४० अंकले बढ्यो



काठमाडौं । सेयर बजारमा बुधबार हरियाली छाएसँगै ४० दशमलब ४७ अंकले बढेर २६२३ दशमलब ४७ अंकमा पुगेको हो। बजार परिसूचक बढे पनि कारोबार भने घटेको छ। मंगलबार ५ अर्ब माथि रहेको कारोबार आज ४ अर्ब १९ करोडमा सीमित भएको हो।

बजारमा २४३ वटा सेयर स्क्रिपमध्ये २३१ वटाको मूल्य बढेको छ भने १२ वटाको मूल्य घटेको छ । बजारमा सबै समूहको सूचक बढेको छ । त्यसमध्ये जीवन बिमा र अन्य समूहको मूल्य २ प्रतिशतभन्दा धेरैले बढेको छ । उत्पादनमूलक, ट्रेडिङ र म्युचुअल फण्ड समूहको परिसूचक १ प्रतिशतभन्दा कमले बढेको छ भने बाँकी समूहको परिसूचक १ प्रतिशत भन्दा धेरैले बढेको छ।

बजारमा कुनै पनि शेयरमा नकारात्मक र सकारात्मक सर्किट लागेको छैन। सबैभन्दा धेरै मूल्य बढ्ने कम्पनी माउन्टेन हाइड्रो, स्वेतगंगा, मनकामना इन्जिनियरिङ रहेको छ । ती कम्पनीहरुको शेयर ५ प्रतिशतभन्दा धेरैले बढेको छ। त्यस्तै, उपकार लघुवित्त र नारायणी डेभलपमेन्ट बैंकको शेयर ५ प्रतिशत भन्दा धेरैले घटेको छ।

कारोबार रकमका आधारमा पनि कारोबारका आधारमा हिमालयन रिइन्स्योरेन्स र नेपाल पुनर्बिमा कम्पनी सबैभन्दा अगाडि रहेका छन् । कारोबार संख्यामा समेत हिमालयन रिइन्स्योरेन्स र घलेम्दी हाइड्रोपावर अगाडि रहँदा कारोबार भएको शेयर संख्या सानिमा ग्रोथ फण्ड र हिमालय रिइन्स्योरेन्स कम्पनी अगाडि छ।

# दोहोऱ्याएर तताएर खान हुँदैन यी तरकारी

पकाएको खानेकुरा कयौँ दिनसम्म फ्रिजमा राख्दा पनि बिग्रिदैंनन् । त्यसैले एकै पटक केही छाकलाई पुग्ने गरी भात, तरकारी र अरू खानेकुरा पकाएर राखिन्छ । ताकि बारम्बार भान्सामा उभिएर खाना पकाउने झन्झटबाट मुक्ति मिलोस् । यसो गर्दा समयको बचत त हुन्छ। तर स्वास्थ्यका लागि भने यो बानी निकै नोक्सानदायक हुन सक्छ।

केही तरकारीहरू यस्ता हुन्छन् जसलाई बारबार तताउँदा यसमा भएको पोषक तत्त्व घट्न वा नष्ट हुन सक्छ। साथै खानेकुरा विषाक्त पनि बन्न थाल्छन् । यसलाई खाँदा शरीरमा 'स्लो पोइजन'को जस्तो असर देखाउन थाल्छ।

**तरकारीलाई दोहोऱ्याएर तताउन किन हुँदैन ?**

धेरैजसो हरियो पत्तेदार तरकारी अनि जमिनमुनि फल्ने गाजर, सलगम जस्ता तरकारीमा नाइट्रेट पर्याप्त मात्रामा पाइन्छ । यी तरकारीहरूलाई दोहोऱ्याएर तताउँदा नाइट्रेटको मात्रै झन् धेरै बढ्छ । यसले शरीरमा हानी पुर्याउन सक्छ । दोहोऱ्याएर तताउँदा नाइट्रेट विषाक्त बन्छ यी तरकारीलाई तताउँदा कार्सिनोजेनिक प्रपर्टीज रिलिज हुन्छ। अर्थात् यो तत्त्वले शरीरमा क्यान्सर उत्पन्न गराउने कोषहरूलाई सक्रिय गराउँछ।

**पालुङ्गोलाई पनि पकाइसकेपछि तताउनु हुन्न**

खासगरी पालुङ्गोलाई एक पटक पकाइसकेपछि दोहोऱ्याएर तताउनु हुँदैन । पालुङ्गोमा आइरन धेरै मात्रामा पाइन्छ। आइरनलाई धेरै तातो पारियो भने यो अक्सिडाइज्ड हुन थाल्छ। आइरन अक्सिडाइज्ड भयो भने फ्री-र्याडिकल्स



बन्छ । शरीरभित्र छिरेपछि यसले प्राणघातक रोग पैदा गर्न सक्छ। यसका कारण बाँझोपना र क्यान्सर पनि देखिन सक्छ।

पाकिसकेको भातलाई दोहोऱ्याएर तेहराएर तताएर खाँदा फूड प्वाइजनिङ हुन सक्छ। भात चिसो हुन थालेपछि यसमा ब्याक्टेरिया उत्पन्न हुन थाल्छ। भात तताउँदा यी ब्याक्टेरिया नष्ट त हुन्छन्, तर यसको तत्त्व भातमा पूरै मिसिन्छ। जुन विषालु हुन सक्छ। फूड स्ट्यान्डर्ड एसेन्सीका अनुसार भात पकाएर सामान्य तापमानमा छाडिदिँदा यसमा बेसिलस सेरेस ब्याक्टेरिया उत्पन्न हुन थाल्छ।

**आलुलाई पनि तताउनु हुन्न**

आलुबाट बनेका तरकारी या उसिनेको आलुलाई हामी बारम्बार तताएर खान्छौं । तर यस्तो गर्नु हुन्न । यसो गर्दा ब्याक्टेरियाबाट हुने बोटुलिज्म नामक रोगको खतरा हुन्छ।

**उसिनेको अन्डा पनि दोहोऱ्याएर नतताऔँ**

अन्डामा प्रोटिन भरपुर मात्रामा पाइन्छ। धेरै मानिसहरू रमाई रमाई उसिनेको अन्डा खान्छन् । तर तारिएको वा उसिनेको अन्डालाई दोहोऱ्याएर तातो बनाउँदा यसमा भएको प्रोटिन नष्ट हुन्छ। यसलाई खाँदा पेट दुख्ने समस्या देखिन सक्छ । च्याउमा पनि भरपुर मात्रामा प्रोटिन हुन्छ। यसलाई पकाउने बित्तिकै खाइहाल्नु पर्छ। फेरि तताउँदा यसमा भएको प्रोटिन नष्ट हुन्छ। यसले पाचन तन्त्रमा क्षति पुऱ्याउँछ । मासुलाई पनि बारम्बार तताएर खानु हुन्न। ओलिभ आयल पनि पटक पटक तातो बनाएर चलाउनु हुन्न।

**समाधान के हो त ?**

पालुङ्गोलाई कुनै पनि हालतमा तताएर खानु हुन्न। न त हरियो पत्तेदार तरकारीलाई नै तताएर खानु हुन्छ। त्यसैले जति मात्रामा खाएर सकिन्छ त्यति मात्रै पकाउनुस् । भात, आलु, शखरखन्ड, सलगम जस्ता तरकारी पनि पकाउने बित्तिकै तात्तातो खानुस् । उब्रिएको छ भने फ्रिजमा राख्नुस् ताकि ब्याक्टेरिया उत्पन्न हुन नसकोस् । जति खाने हो त्यति मात्रै निकालेर तताउनुस्। एक वा दुई दिनभित्र खाएर सक्काउनुस्। लामो समयसम्म फ्रिजमा स्टोर गरेर पनि नराख्नुस्।



**दाउराको जोहोः**
दाङको गढवा गाउँपालिका -५ बाँकीका स्थानीय थारू समुदायका महिला वनबाट दाउरा लिएर फर्किंदै । गाउँमा खाना बनाउने इन्धनको रूपमा दाउरा प्रयोग गर्ने गरिन्छ ।
तस्विर : रञ्जिता अधिकारी/ रासस

# डढेलो नियन्त्रणसम्बन्धी सचेतना सप्ताह




देवदह । रुपन्देहीको देवदहमा वन डढेलो नियन्त्रण सम्बन्धी सचेतना सप्ताह-२०८१ सम्पन्न भएको छ । गाउँ वन समन्वय सञ्जाल रुपन्देहीको आयोजना, डिभिजन वन कार्यालय रुपन्देही, सवडिभिजन वन कार्यालय शितलनगर र सञ्जालमा आबद्ध सामुदायिक वनहरुको संहयोगमा वन डढेलो सचेतना सप्ताह-२०८१ सम्पन्न भएको हो ।

मिलन सामुदायिक वन उपभोक्ता समूह देवदह-तिलोत्तमाको कार्यालयबाट सुरु भएको वन डढेलो सचेतना र्‍याली रोहिणी सामुदायिक वन, जनप्रिय सामुदायिक वन हुँदै पाल्पाली सामुदायिक वन क्षेत्रमा पुगेर समापन भएको थियो ।

वन डढेलो सचेतना सप्ताह-२०८१ लाई समापन गर्दै डिभिजन वन कार्यालय रुपन्देहीका प्रमुख प्रविन बिडारीले वर्षेनी लाग्ने वन डढेलोका कारण करोडौं रुपैयाँको नोक्सानी हुने गरेको बताए ।

उनले वन डढेलोका कारण वन्यजन्तुको बासस्थान जलेर नष्ट हुने र वातावरणीय सन्तुलनमा समेत खलल पुग्ने हुदा वन डढेलो नियन्त्रणमा सबैले आ-आफ्नो भूमिका निभाउन आग्रह गरे ।

प्रमुख बिडारीले वन क्षेत्रमा लाग्ने वन डढेलो नियन्त्रण गर्नुभन्दा वन डढेलो लाग्न नदिनु नै उचित विकल्प रहेको भन्दै वन डढेलो नियन्त्रणको लागि गाउँ वन समन्वय सञ्जालले गरेको सचेतना र्‍यालीको सह्रना गरे । उनले वन डढेलो नियन्त्रणको लागि हरेक वर्ष प्रयास गरे पनि यसलाई पूर्णरुपमा नियन्त्रण गर्न नसकिएको उल्लेख गरे ।

उनले नेपाल जस्तो गरिब देशमा वन डढेलोले थप समस्या निम्त्याउने गरेको बताउँदै वन डढेलो नियन्त्रणको लागि आमउपभोक्तासँगै सरोकारवाला सचेत र सजग हुन आवश्यक रहेको औंल्याए ।

कार्यक्रममा बोल्दै देवदह आदर्श बहुमुखी क्याम्पसका प्रमुख जयकिशन अधिकारीले देवदहका सामुदायिक वनहरुले डढेलो नियन्त्रणका लागि गरिरहेको प्रयासको प्रशंसा गरे । उनले क्याम्पसले समेत यस क्षेत्रमा डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम गरिरहेको जानकारी दिए ।

गाउँ वन समन्वय सञ्जाल रुपन्देहीका अध्यक्ष खेमनारायण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रिय सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष टेकबहादुर विकलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

पाल्पाली सामुदायिक वनका अध्यक्ष सरोज थापाको स्वागत र सञ्जालका सचिव टेकबहादुर रानाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# गडगडीमा पुल निर्माणको माग



नवलपुर । स्थानीयवासीले यहाँको कोखेटार र तनहुँको मधुवन जोड्ने कालीगण्डकी नदीमा चाँडो पुल निर्माण गर्नुपर्ने माग गरेका छन् ।

नवलपुरको बुलिङटार गाउँपालिका-४ कोखेटार र तनहुँको रिसिङ गाउँपालिका-४ मधुवन जोड्ने पक्की पुल निर्माण सुरु भएको नौ वर्षमा पनि सम्पन्न नभएपछि स्थानीयवासी 'डेलिगेशन' लिएर सडक विभाग पुगेका हुन् ।

पटकपटक निर्माण कम्पनी र पुल सेक्टर कार्यालय पोखरालाई पुल निर्माण सम्पन्न गर्न आग्रह गर्दा कामले गति नलिएपछि विभागलाई गुहार्न परेको नेकपा (एमाले) गण्डकी प्रदेश कमिटी सदस्य विद्रोही गिरीले बताए ।

पुल सेक्टर कार्यालय पोखराका प्रमुख ज्ञानेन्द्र कनौली, बुलिङटार गाउँपालिकाका अध्यक्ष दीपेन्द्र सुनारीसहितको टोलीले सडक विभागका महानिर्देशक रामहरि पोखरेललाई भेटेर थपिएको म्यादभित्रै पुल निर्माण सम्पन्न गर्न आग्रह गरिएको गिरीले जानकारी दिए ।

विसं २०७३ असार २९ गते पुल सेक्टर कार्यालय पोखरासँग सम्झौता भई लुम्बिनी बिल्डर्स-नागार्जुन-स्वच्छद जेवीले काम थालेको थियो । सम्झौतानुसार विसं २०७७ बैशाख २८ गते पुल निर्माणसम्पन्न गर्नुपर्ने थियो । हाल थपिएको म्याद अब एकवर्ष मात्र छ ।

हरेक हिउँदमा केही मजदुर मात्रै काममा लगाउने र केही समयपछि बर्खा लाग्यो भनेर काम नगर्ने परिपाटीले पुल निर्माणमा ढिलाइ भएको गाउँपालिका अध्यक्ष सुनारीले बताए । हालसम्म पुलको भौतिक तथा वित्तिय प्रगति ५० प्रतिशत मात्र छ । निर्माणमा देखिएको समस्या हल गरेर समयमै काम सम्पन्न गराउने महानिर्देशक पोखरेलले आश्वासन दिए ।

कालीगण्डकी नदीमाथि २२० मिटर लामो पुलको छ वटा पिल्लर बनाउनुपर्नेमा पाँच वटा बनिसकेको र एउटा बनाउन बाँकी छ । नवलपुर जिल्ला सदरमुकाम कावासोतीबाट तनहुँको भिमाद हुँदै पोखरा पुग्ने यात्रुका लागि यो पुल निर्माण हुँदा यात्रामा १५ किलोमिटर बाटो छोटो हुन्छ ।

# जलविद्युत्मा लगानी गर्न भारतीय लगानीकर्तालाई 'इप्पान'को आग्रह

काठमाडौं । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् । नयाँ दिल्लीमा बुधबार भएको 'नेपाल-भारत इनर्जी समिटमा' बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गरेका हुन् ।

"नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुर्‍याउने महत्वाकांक्षी लक्ष्य लिएको छ । त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ ।"-कार्कीले भने ।

नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार, नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उनको भनाइ छ । नेपाल आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उनले जानकारी गराए ।

इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार १०० मेगावाट क्षमताका आयोजना विद्युत् खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गरे ।

'जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी' भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासङ्घको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ ।

# भारत, बंगलादेश र भुटानका आँखाका बिरामी उपचार गर्न नेपालमा



काठमाडौँ । भारत, बङ्गलादेश, भुटानलगायत देशका नागरिक आँखा उपचारका लागि नेपाल आउने गरेका छन् ।

नेपाल नेत्रज्योति सङ्घद्वारा सञ्चालित २८ आँखा अस्पताल, दुई सय २४ आँखा उपचार केन्द्रमा विदेशी बिरामी उपचारार्थ आएका हुन् ।

सन् २०२४ मा सङ्घको सञ्जालमार्फत् नौ लाख सात हजार ७१ जना विदेशी नागरिकको आँखा परीक्षण तथा एक लाख ६२ हजार आठ सय ४५ जनाको शल्यक्रिया गरिएको सङ्घका कार्यकारी निर्देशक डा. शैलेशकुमार मिश्रले बताए ।

सञ्जालमार्फत् सन् २०२४ मा ३२ लाख ६८ हजार ३४ जना आँखाका बिरामीको आँखा परीक्षण गरी दुई लाख ५८ हजार पाँच सय ७५ जनाको शल्यक्रिया गरिएको छ । सङ्घका अस्पताल तथा विभिन्न बाह्य कार्यक्रममार्फत् ३४ हजार चार सय २५ जना आँखाका बिरामीको निःशुल्क शल्यक्रिया गरिएको छ । सङ्घद्वारा विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय विकास साझेदार संस्थाको सहयोग तथा अस्पतालको आन्तरिक स्रोतबाट निःशुल्क शल्यक्रिया गरिएको हो ।

सङ्घले आफ्ना सञ्जालमार्फत् नेपाली तथा अन्य देशका नागरिक गरी हालसम्म चार करोड ६८ लाख ६८ हजार ६० जनाको उपचार गरेको छभने ५३ लाख ९२ हजार दुई सय २४ जनाको आँखाको शल्यक्रिया गरेको जानकारी कार्यकारी निर्देशक मिश्रले दिए ।

**हकुइमा...**

आउँदो पाँच वर्षमा सबै प्रकारका इलेक्ट्रिक उत्पादन गर्ने उद्योगको तयारी छ। उनका अनुसार कम्पनीले एमसिभी, फ्यान, स्विच, इन्डक्सन र एलइडी लाइटसमेत उत्पादन गर्ने योजना बनाएको छ।

अहिलै नै देशभर करिब १५० भन्दा बढी डिस्ट्रिब्युटर र दुई हजारभन्दा बढी रिटेलरमार्फत् आफ्ना उत्पादन बिक्री गरिरहेकाले नयाँ उत्पादन उपभोक्तासम्म पुऱ्याउन कठिनाइ नरहेको गुप्ताको विश्वास छ।

उनका अनुसार, अहिले घरायसी प्रयोजनका चार प्रकारका एफआर, एफआरएलएस, फ्लेक्जिबल ट्वीन र कन्सेन्ट्रिक तारसँगै औद्योगिक तथा व्यापारिक क्षेत्रमा प्रयोग हुने १.५देखि हजार वर्गमिलिमिटर आकारको एलभी पावर केबल, ट्रान्सफर्मर, विद्युतीय उपकरणमा प्रयोग हुने इनामेल वायर र पेपर स्ट्रिप्स उत्पादन भइरहेको छ।

ट्रान्सफर्मर उत्पादनमा भने 'निक इञ्जिनियरिङ' कम्पनीसँग ज्वाइन्ट भेन्चर छ।

गुप्ताका अनुसार, बुटवल औद्योगिक क्षेत्रमा २०० जनाभन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिएको उद्योगले परासीको प्लान्ट पूर्ण क्षमतामा सञ्चालनमा आउँदा २५० जनालाई रोजगार बनाउँदैछ।

नेपालमा गुणस्तरीय विद्युतीय तार उत्पादन हुँदाहुँदै पनि भारतबाट भन्सार छुट र अवैध रुपमा समेत तारहरु आउँदा नेपाली उद्योगहरु मरमा परेको गुप्ताको गुनासो छ। अहिले पनि भारतबाट वार्षिक २० अर्ब रुपैयाँको तार आयात भइरहेको उनको दाबी छ।

'आयात नियन्त्रण नहुँदा हामीले क्षमताअनुसार उत्पादन गर्न पाएका छैनौं', उनले भने-'जस्तो, वार्षिक २५ लाख कोइलभन्दा बढी केबल उत्पादन गर्न सक्छौं, तर महिनामा २५-३० हजार कोइल उत्पादन गर्दा पनि बिक्री नहुने अवस्था छ।'

विद्युतीय तारमा नीतिगत रुपमा १५ प्रतिशत भन्सार दर भए पनि नेपालमा उत्पादन नै अपुग भएको वहानामा १ प्रतिशत भन्सारमा भारतबाट आयात भइरहेको छ।

नेपाल सरकारले स्वदेशी उद्योग प्रवर्द्धन हुनेगरी भन्सार दरमा कडाइ गर्नुपर्ने उनको माग छ। विद्युतीय तारले अनिवार्य रूपमा नेपाल गुणस्तर प्रमाण चिन्ह लिनुपर्नेमा बजारमा गुणस्तर चिन्ह नलिएका तार समेत बिक्री भइरहेकाले पनि यसमा नियन्त्रण आवश्यक रहेको उनको माग छ।

सूचना ! सूचना !! सूचना !!!

धर्मनगर स्थित पशुपति रिन्युएबल लिमिटेडद्वारा प्रवर्द्धित धर्मनगर सोलार फार्मबाट उत्पादित १० मेगावाट विद्युत् मझगाउँ, कुदरबेटवा र बुडिहवा टोल हुँदै ३३KV लाईन मार्फत नेपाल विद्युत् प्राधिकरणको चन्द्रौटा स्थित सबस्टेशनमा जोडिने प्रक्रिया भइरहेको छ । यस क्रममा सम्बन्धित क्षेत्रमा रहेका पोल, तार तथा स्टेहरू नछुनुहोस् र तिनको नजिक नजानुहोस् । जन सुरक्षाका लागि सतर्क रहन अनुरोध गरिन्छ ।

अनुरोधकः
धर्मनगर स्थित पशुपति रिन्युएबल लिमिटेड
शिवराज नगरपालिका-६, कपिलवस्तु

सम्पर्क
सुवास वाग्ले (९८१६४१६८४१)
मोहम्द मियाँ (९८०३६८१२६२)

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टेी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# एपीएफ तिलोत्तमा गोल्डकपको फाइनलमा



बुटवल । सशस्त्र प्रहरीको एपीएफ क्लब बुटवलमा जारी २३औं तिलोत्तमा गोल्डकप प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । देवीनगरस्थित एन्फा टेक्निकल सेन्टरको खेलमैदानमा सम्पन्न पहिलो सेमिफाइनल खेलमा संकटा क्लब काठमाडौंलाई एक शून्य गोल अन्तरले पराजित गर्दै एपीएफ क्लब फाइनलमा प्रवेश गरेको हो । पहिलो हाफ गोलरहित रहेको खेलमा एपीएफको जितका लागि दोस्रो हाफको अन्त्यमा फरवार्ड खेलाडी युवराज खड्काले निर्णायक गोल गरे । दोस्रो हाफको निर्धारित ४५ मिनेटमा पनि दुवै टोलीले गोल गर्न सकेका थिएनन् । त्यसपछि खेल बराबरी हुँदै टाइब्रेकरउन्मुख भइरहेको थियो । तर, थप गरिएको ६ मिनेटको इन्जुरी समयको ९४औं मिनेटमा युवराजले दिएको बललाई सुजन पुलामी एक्लैले पेनाल्टी बक्स नजिक पुर्‍याएर लामो प्रहार गरेका थिए । तर, उक्त प्रहार संकटाका गोलकिपर विशाल केसीले राम्रोसँग नियन्त्रण लिन सकेनन् ।

रिबाउन्डमा आएको उक्त बललाई नै युवराजले गोल गर्दै एपीएफलाई अन्तिम समयमा जित दिलाएका हुन् । खड्का म्यान अफ द म्याच घोषित हुँदै ११ हजार १११ रुपैयाँ हात पारे ।

फाइनलमा पुगेसँगै एपीएफले कम्तीमा ६ लाख, ६६ हजार, ६६६ रुपैयाँ नगद पुरस्कार पक्का गरेको छ ।

अब एपीएफले उपाधिका लागि 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेड र मच्छिन्द्र फुटबल क्लबबिचको विजेतासँग खेल्ने छ ।

अब एपीएफले फाइनलमा मच्छिन्द्र एफसी र चर्च ब्वायज युनाइटेडबिच हुने अन्तिम सेमिफाइनलको विजेतासँग उपाधिका लागि फाइनलमा खेल्नेछ ।

चैत १६ गतेसम्म चल्ने प्रतियोगिताको उपाधि विजेता टिमले नगद १२ लाख १२ हजार २ सय २२ रुपैयाँ, उपविजेता टिमले ६ लाख, ६६ हजार, ६ सय, ६६ रुपैयाँ, उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिड फिल्डर, फरवार्ड र कोचलाई नगद ३१ हजार रुपैयाँका दरले तथा सर्वोत्कृष्ट खेलाडीलाई स्कुटर वा मोटरसाइकल पुरस्कार दिइने संघका महासचिव हिमाल गौचनले जानकारी दिए ।

नेपालमा हुने 'क' श्रेणीका चार गोल्डकपमध्येको एक तिलोत्तमा गोल्डकपमा दुई विभागीय र भारतका दुईसहित ८ टिमले प्रतिस्पर्धा गरेका छन् ।

पीएम कप क्रिकेटः

# एपीएफ क्लबको जित



भैरहवा । नेपाल एपीएफ क्लबले प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा आफ्नो फाइनल सम्भावना कायमै राखेको छ । एपीएफले बुधबार रुपन्देहीको भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा अंक तालिकाको पुछारमा रहेको कोशी प्रदेशलाई २ विकेटले पराजित गर्दै फाइनल सम्भावना जीवित राखेको हो ।

एपीएफको जितमा लोकेश बमले उत्कृष्ट ब्याटिङ गरे । उनले नटआउट ८४ रन जोडेपछि एपीएफले कोशीले दिएको २ सय ५५ रनको लक्ष्य ४४.४ ओभरमा ८ विकेट गुमाएर पूरा गर्‍यो । लोकेशले दबाबपूर्ण अवस्थामा ५४ बल खेलेर ६ चौका र ६ छक्का प्रहार गरे । लोकेशलाई साथ दिएका इर्शाद अहमदले नटआउट १६ रन जोडे ।

यस्तै, कप्तान रोहितकुमार पौडेलले ६१ र र दीपक बोहराले ३६ रन बनाए । बलिङमा कोशीका फिर्दोस अन्सारी र दिपेश कँडेलले समान ३-३ तथा ज्ञानेन्द्र श्रेष्ठ र भुपाल लुइँटेलले १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कोशीले शकिब हकको ६८, आइस भट्टराईको ३४, सुजन थपलियाको ३३ र कप्तान अंकित सुवेदीको ३५ रनको मद्दतमा २५४ रन जोडेको थियो । बलिङमा एपीएफका अभिषेक गौतम र मौसम ढकालले ३-३ तथा रोहितकुमार पौडेलले २ विकेट लिए ।

लोकेश प्लेयर अफ द म्याच भए । अंक तालिकाको तेस्रो स्थानमा रहेको एपीएफले लिग चरणका सबै खेल खेल्दा १४ अंक जोडेको छ । एक खेल बाँकी रहेको त्रिभुवन आर्मी क्लबको पनि १४ अंक छ । रनरेटमा आर्मी अघि छ । अन्तिम खेलअघि १६ अंक जोडेको शीर्ष स्थानको नेपाल पुलिस क्लब भने फाइनलमा पुगिसकेको छ ।

अब पुलिस र आर्मीबिच बिहीबार एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा हुने लिगको अन्तिम खेलपछि फाइनलमा पुग्ने दोस्रो टोलीको टुंगो लाग्नेछ । आर्मी फराकिलो अन्तरले पराजित भएमा एपीएफको फाइनल सम्भावना हुनेछ । यद्यपी आर्मी झिनो अन्तरले हारे पनि फाइनलमा पुग्ने सम्भावना छ । कोशी भने प्रधानमन्त्री कपमा ९ खेल खेल्दा केवल १ खेलमा मात्र जित निकाल्न सफल भयो भने अंक तालिकाको पुछारमा छ ।

# उपचारको गन्तव्य बन्दै प्राकृतिक चिकित्सालय



नवलपरासी । यहाँको देवचुली नगरपालिका-१७ रजहरस्थित सामुदायिक प्राकृतिक चिकित्सालय पछिल्लो समय स्वास्थ्य उपचारको गन्तव्य बनेको छ ।

प्राकृतिक चिकित्सा, योग, आयुर्वेद तथा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्ने यस केन्द्रमा सर्वसाधारण मात्र नभई सरकारी अधिकारी, राजनीतिक दलका नेताहरू, कलाकार, व्यवसायी तथा अन्य विशिष्ट व्यक्तिहरू उपचारका लागि आउने गरेका छन् ।

प्राकृतिक चिकित्सालयमा उपचारका लागि आएका नेकपा माओवादी केन्द्रका उपमहासचिव एवं पूर्व अर्थमन्त्री वर्षमान पुन र पूर्व सभामुख ओनसरी घर्ती १३ दिनको प्राकृतिक उपचारपश्चात् मङ्गलबार फर्किएका छन्

यहाँ आधुनिक औषधिको सट्टा प्राकृतिक तथा वैकल्पिक उपचार पद्धति अपनाइनाले उपचारका लागि धेरैको आकर्षण बढेको हो । पूर्व सभामुख ओनसरी घर्तीका अनुसार यहाँको उपचार विधि तनावमुक्त जीवनशैली, प्राकृतिक उपचार, स्वास्थ्यकर खानपान, र योग साधनामा केन्द्रित छ ।

प्राकृतिक चिकित्सालयमा सर्वसाधारणसँगै विशिष्ट व्यक्तिहरु उपचारका लागि आएका सो चिकित्सालयका व्यवस्थापक हरि सापकोटाले जानकारी दिए ।

केही वर्षयता यहाँ विदेशी पर्यटक तथा प्राकृतिक चिकित्सा रुचाउने विदेशीहरू पनि आउन थालेका छन् ।

विसं २०६४ मा महायज्ञमार्फत् सङ्कलित रकमबाट स्थापना गरिएको प्राकृतिक चिकित्सालयमा सेवा लिन मुलुकभित्रका मात्रै नभई भारत, क्यानडा, अमेरिका, फ्रान्स, बेल्जियम, अस्ट्रेलिया, दक्षिण कोरिया, न्युजिल्यान्ड, जापान, नर्वे, इजरायललगायतका देशबाट उपचारका लागि बिरामी आउने गरेका छन् । तत्कालीन समयमा ५२ श्ययाबाट सुरु गरिएको संस्थामा हाल तीन सय श्ययाको क्षमता रहेको छ ।

"अन्य उपचार पद्धतिबाट निको नभएका बिरामीले पनि यहाँ उपचारपछि पुनः जीवन पाएका उदाहरण छन्", व्यवस्थापक सापकोटाले भने-"सर्जरीबाहेकका रोग निको पार्न सकिने प्राकृतिक चिकित्सालाई दिगो रूपमा टिकाउन सरकारले नीतिगत सहजताका साथै बजेट विनियोजन गर्नुपर्छ ।"

चिकित्सालयमा बिरामीका लागि उपचार, आवास र खाना गरी दैनिक रु एक हजार एक सय शुल्क तोकिएको छ । कूल ५० जना जनशक्ति रहेको चिकित्सालयमा मासिक रु १५ लाख खर्च रहेको व्यवस्थापक सापकोटाको भनाइ छ । "चिकित्सालयमा हालसम्म ५० हजार जनाको सफल उपचार गरिसकिएको छ ।"- उनले भने ।

प्राकृतिक चिकित्सा उपचार विधिले शरीरमा नकारात्मक असर नपर्ने चिकित्सालयका चिकित्सक डा.आजाद पुरीले बताए । प्राकृतिक चिकित्सा र योगमा प्रतिरक्षात्मक, उपचारात्मक र निधानात्मक तीनवटै आयाममा उपचार गरिने र यसले जटिल, दीर्घरोग हुने बाटो नै बन्द गर्ने डा. पुरीको भनाइ छ ।

# रोट्र्याक्ट साउथले भलिबल प्रतियोगिता गर्दै




बुटवल । रोट्र्याक्ट क्लब अफ बुटवल साउथले १२औं संस्करणको भलिबल प्रतियोगिता गर्ने आयोजना गर्ने भएको छ । क्लबले बुधबार पत्रकार सम्मेलन गर्दै स्वर्गीय रोटरियन कमलराज पाठकको स्मृतिमा यही चैत १५ र १६ गते दुईदिन प्रतियोगिता आयोजना गर्न लागेको जानकारी गराएको छ ।

क्लबका अध्यक्ष सुदीप पौडेलले प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिए । रोट्र्याक्ट क्लब अफ बुटवल साउथले यस क्षेत्रमा रहेका रोट्र्याक्ट र रोटरी क्लबहरुलाई सहभागी गराएर हरेक वर्ष प्रतियोगिता आयोजना गर्दै आइरहेको बताए ।

प्रतियोगिताको उद्घाटन नगर खेलकुद विकास समितिका संयोजक बोनिन पियाँले गर्ने क्लबका निवर्तमान अध्यक्ष तथा डिस्ट्रिक सेक्रेटरी सुविन खड्काले जानकारी दिए ।

उनका अनुसार हालसम्म र १५ वटा रोट्र्याक्ट र ५ वटा रोटरी क्लबले टिम दर्ता गराइसकेका छन् । टिम दर्ता शुल्क ४ हजार तोकिएको कार्यक्रम संयोजक तुलसीराम भण्डारी (इपल) ले जानकारी दिए । प्रतियोगिता दीपनगरस्थित लाफा समूहको मैदानमा आयोजना हुने उनले बताए । अघिल्लो वर्ष आयोजना गरिएको प्रतियोगितामा २० वटा टिम सहभागी भएको डीआरआर विक्रम क्षेत्रीले जानकारी दिए ।

# बस दुर्घटनामा चालकसहित चार जनाको मृत्यु



अर्घाखाँची । अर्घाखाँचीको शीतगंगामा बस दुर्घटना हुँदा चार जनाको ज्यान गएको छ ।

शीतगंगा नगरपालिका वडा नम्बर-२, भुवनपाटामा बस दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने २२ जना घाइते छन् । त्यसमध्ये सात जनाको अवस्था गम्भीर रहेको इलाका प्रहरी कार्यालय ठाडाले जनाएको छ ।

बस नवलपरासीको बर्दघाटबाट सुपा देउराली मन्दिर दर्शन गर्न आएको थियो । लु २ ख ३०३ नम्बरको पश्चिम नेपालको बस मन्दिर दर्शनपछि फर्किने क्रममा दुर्घटनामा परेको हो । दुर्घटनामा च्याँपिएर तीन महिला र एक पुरुषको मृत्यु भएको प्रहरीले पुष्टी गरेको छ ।

मृत्यु हुनेमा बुटवल उप-महानगरपालिका-८ निवासी ५५ वर्षीया जमुना बस्याल, नवलपरासी पश्चिम भुमही बस्ने ४५ वर्षीया उमा न्यौपाने, न्यौपानेकी ६५ वर्षीया सासु आमा (नाम नखुलेको) र पश्चिम बर्दघाट बस्ने ५० वर्षीय चालक मदनकुमार विक रहेको प्रहरीले जनाएको छ ।

घाइतेहरुमा नवलपरासी पश्चिम बर्दघाट वडा नम्बर-१२ बस्ने वर्ष ३६ का सन्तोष कडेंल, सोही ठाउँका वर्ष ४ का अमर कंडेल, वर्ष १९ का अरुण भट्टराई, वर्ष ३१ का आशिष अधिकारी, वर्ष २७ की लक्ष्मी अधिकारी, वर्ष ४ की आन्दा अधिकारी, वर्ष १४ का आयान्स अधिकारीलाई लुम्बिनी प्रादेशिक अस्पताल बुटवल रिफर गरिएको छ ।

यस्तै वर्ष ४० की चन्द्रकला भट्टराई, रुपन्देहीको देवदह बस्ने वर्ष १७ का सक्षम चापागाईं, बर्दघाट-१५ बस्ने वर्ष ४५ का मित्रबन्धु अधिकारी, बर्दघाट-१४ बस्ने वर्ष ५५ का कलम सापकोटा, वर्ष ४८ का लक्ष्मण पंगेनी, वर्ष ४० की मनकुमारी घिमिरे, वर्ष २९ का दिपक अधिकारी, बुटवल बस्ने वर्ष ५० का दण्डपानी बस्याल, बर्दघाट -१४ वर्ष ३६ की झविकला पाण्डे, बुटवल बस्ने वर्ष २५ का गणेश बस्याल, बुटवल उ.म.न.पा.-१३ बस्ने वर्ष ३२ का रामु अधिकारीको प्राथमिक उपचार केन्द्र ठाडामा उपचार भइरहेको छ ।

अन्य केही घाइतेको परिचय खुल्न बाँकी रहेको प्रहरीको भनाइ छ । उद्दारपछि घाइतेहरुलाई उपचारका लागि प्राथमिक उपचार केन्द्र ठाडा र ७ जनालाई लुम्बिनी प्रादेशिक अस्पताल बुटवल पठाइएको हो ।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com